गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः- २०७७।०५।११)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/७८ च.नं. PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गजुरी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. **दरखास्त दिने स्थानः-** गजुरी गाउँपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मितिः-**२०७७।०५।१७

४. **आवेदनको दस्तुरः-** रु. ५००।

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदनका साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु**

| | |
|---|---|
| • नागरिकता | • अनुभव खुल्ने कागजात |
| • न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र | • २ प्रति पासपोर्ट आकारको फोटो |
| • चारित्रिक प्रमाण पत्र | |

७. **सेवा सुविधाः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी **www.pmep.gov.np** मा उपलब्ध छ।

प्रमुख प्रशासकिय अधिकृत
राजन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत